तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन पाल्पा, लुम्बिनी प्रदेश, नेपाल
सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई)

# मनसायपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७७।१२।२४)

१. तानसेन नगरपालिका अन्तर्गत तपसिल बमोजिमको आयोजना सार्वजनीक निजी साझेदारी (सानिसा) मार्फत कार्यान्वयन गर्नको लागि इच्छुक तथा योग्य व्यक्ति/कम्पनी/संस्थाहरुबाट तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को दफा १७ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७५ को नियम ६ को उपनियम (१) बमोजिम तोकिएका शर्तहरुको अधिनमा रहि मनसाय पत्र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२. तानसेन नगरपालिकाले उल्लेखित आयोजनाको कार्यान्वयन सार्वजनीक निजी साझेदारी मार्फत गर्नेछ । तानसेन नगरपालिकाको सार्वजनीक निजी साझेदारी ऐन, २०७५ र सोको नियमावली २०७५ अनुसार परियोजनाको डिजाईन, निर्माण तथा सञ्चालन गरिने छ । नगरपालिका र निजी क्षेत्रको सहभागितामा परियोजनाको सार्वजनिक निजी साझेदारी ऐन, नियमावली तथा नीतिको व्यवस्था अनुसार निजी क्षेत्रलाई निर्माण, व्यस्थापन तथा सञ्चालनको लागि दीर्घकालिन परियोजनाको रुपमा साझेदारीको सम्झौता हुनेछ ।

३. मनसाय पत्र आव्हान सम्बन्धी कागजात तानसेन नगर कार्यपालिकाको कार्यालय, सानिसा इकाईबाट सूचना प्रकाशन भएको मितिले ३० (तीस) औं दिन भित्र परियोजनाका लागि रकम रु.५०००।- (पछी फिर्ता नहुने गरी) तिरी वा रा.वा.बैंक, तानसेन, पाल्पा शाखा स्थित यस कार्यालयको आन्तरिक राजश्व खाता नं.३०३०१००३०१०१०००४ मा दाखिला गरेको बैंक भौचरको छाया प्रति यस कार्यालयमा पेश गरी पूर्व योग्यता आह्वान पत्र खरिद गर्न सकिने छ । साथै मनसाय पत्र यस कार्यालयको वेवसाईट www.tansenmungov.np बाट डाउनलोड गरी मनसाय पत्र खरिद बापतको रकम यस कार्यालयको रा.वा.बैंक, पाल्पा शाखाको आन्तरिक राजश्व खाता नं.३०३०१००३०१०१०००४ मा जम्मा गरी **सोको सक्कलै प्रति भौचर मनसाय पत्र साथ पेश गर्नु पर्नेछ ।**

४. मनसाय पत्र खरिद गर्ने अन्तिम दिनको भोलि पल्ट अर्थात मिति २०७८।०१।२३ गते दिनको १२:०० बजे भित्रमा मनसाय पत्र यस कार्यालयको सा.नि.सा.इकाईमा दर्ता गराउनु पर्नेछ र प्राप्त मनसायपत्रहरु कार्यालयको प्रतिनिधिहरुको रोहबरमा सोही दिनको दिउसो १:०० बजे खोलिने छ । मनसायपत्र खोल्दा मनसायपत्र दाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरु पनि उपस्थित हुन सक्नेछन् ।

५. मनसायपत्र, मूल्याङ्कनका आधारहरु तथा साझेदारीका शर्तहरु मनसाय पत्र आव्हान सम्बन्धी कागजातमा उल्लेख गरिएको छ । मनसायपत्र आव्हान सम्बन्धी कागजातहरु यस कार्यालयको वेवसाईट www.tansenmungov.np मा राखिनेछ र सम्बन्धित सूचना यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ । मनसाय पत्र मूल्याङ्कनका लागि कुल एकसय अङ्कलाई पूर्णाङ्क मानी सो अङ्कलाई देहायको आधारमा विभाजन गरिने छ ।

| | | | |
|---|---|---|---|
| (क) प्राविधिक क्षमता वापत | - | ५० (पचास) | अङ्क |
| (ख) आर्थिक क्षमता वापत | - | ३० (तीस) | अङ्क |
| (ग) अनुभव वापत | - | २० (बीस) | अङ्क |

पितोम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScann

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

६. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु मनसायपत्र आव्हान सम्बन्धी कागजात तथा तानसेन नगरपालिकाको सार्वजनीक निजी साझेदारी ऐन, २०७५ तथा नियमावली, २०७५ मा उल्लेख भए अनुसार हुनेछ ।

७. समय सीमा पछि पेश गरिने मनसाय पत्र स्वीकार्य हुने छैन र कुनै शर्तहरु राखी पेश भएका मनसाय पत्रहरु मान्य हुने छैनन । साथै कुनै मनसायपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. मनसाय पत्र पेश गर्ने व्यक्ति/फर्म/संस्थाले फर्म दर्ता प्रमाण पत्र, संस्था नवीकरणको प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र, आ.व.२०७६/०७७ को कर चुक्ताको प्रमाण पत्र वा कर चुक्ताका लागि म्याद थप गरिएको पत्र लगायत आवश्यक कागजातहरुको प्रतिलिपी नोटरी पव्लिकबाट प्रमाणीत गराई मनसाय पत्रको हार्ड कोपी (Hard Copy) साथ पेश गर्नु पर्नेछ । इमेल तथा अन्य विद्युतिय माध्यमबाट प्राप्त मनसाय पत्र ग्राह्य हुने छैन ।

९. यस सम्वन्धी अन्य जानकारीको लागि यस कार्यालयका कर्मचारी श्री दुर्गा बहादुर थापा (अधिकृतस्तर सातौं तह) को मोवाइल नं.९८५७०६०२२० तथा यस कार्यालयको सम्पर्क नं ०७५५२०९०९ मा सम्पर्क गरी वा कार्यालय समय भित्र कार्यालयमा स्वयं उपस्थित भै आवश्यक जानकारी लिन सकिने छ ।

**तपसील :**

| क्र. सं | मनसाय पत्र नं. | आयोजनाको नाम | आयोजना स्थल | कैफियत |
|---|---|---|---|---|
| १ | क/सानिसा/०७७/०७८ | श्रीनगर सौन्दर्यकरण, सञ्चालन तथा व्यवस्थापन आयोजना | श्रीनगर क्षेत्र | तानसेन नगरपालिकाले तोकेको स्थानहरु |

............
पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner